तेह्रौं गाउँ सभामा २०८० असार १० गते सोमबार

उपाध्यक्ष श्री प्रतिमा तामाङज्यूद्वारा

प्रस्तुत

# बजेट तथा कार्यक्रम
## २०८०/०८१

गोसाईकुण्ड गाउँपालिका

स्याफ्रुबंसी, रसुवा

२०८०

सम्माननीय सभाध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र नेपालले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा सङ्घीयताको अभ्यास गर्दै आएको सन्दर्भमा गोसाईकुण्ड गाउँपालिकाको उपाध्यक्षको रुपमा यस गरिमामय गाउँ सभाको वैठकमा आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । यो महत्वपूर्ण अवसरमा मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तन ल्याउने क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण महान् शहीदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत व्यक्तित्वहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै समावेशी, समतामूलक, न्यायपूर्ण समाज निर्माण, विकास र समृद्धि, लोकतान्त्रिक गणतन्त्रको प्राप्ति र विभिन्न अग्रगामी आन्दोलनहरुमा संलग्न र नेतृत्व गर्नु हुने प्रतिवद्ध महान् नेपाली नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

वि.सं. २०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचनबाट जनप्रतिनिधिको रुपमा निर्वाचित भई पाँच वर्षसम्म स्थानीय ज्ञान, सीप, क्षमता र नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सृदृढ गरी

यस गोसाईकुण्ड गाउँपालिकाको नागरिकहरुको सेवा गरी नागरिकहरुमा स्थानीय सरकारको प्रत्याभूति दिलाउने कार्यमा महत्वपूर्ण योगदान पुर्याउनु हुने यस गोसाईकुण्ड गाउँपालिकाको निवर्तमान जनप्रतिनिधिज्यूहरु प्रति गहिरो सम्मान र आदरभाव व्यक्त गर्न चाहान्छु उहाँहरुकै कारण संघीय शासन प्रणालीको अभ्यास स्वरुप स्थानीय सरकारको अभ्यास औचित्यपूर्ण र प्रभावकारी भई आज गोसाईकुण्ड गाउँपालिकाबासीहरुलाई राज्य भएको बोध भएको छ र आफ्नो गाउँ, समाज र समग्र राष्ट्र निर्माण गर्ने अवसर प्राप्त भएको छ । वस्तुगत रुपमा राष्ट्रिय एकताको प्रक्रिया सुरुवात भएको छ । हामी आज यो गौरवमय सभामा उपस्थित भएको छौं । यसको पृष्ठभूमिमा गोसाईकुण्ड गाउँपालिकाको निवर्तमान जनप्रतिनिधिज्यूहरुको संघर्ष, परिश्रम, सोच, विचार, निष्ठा, त्याग, सपना र प्रतिबद्धताको महत्वपूर्ण भूमिका रहेको छ। म फेरि पनि उहाँहरुप्रति गहिरो सम्मान र आदारभाव व्यक्त गर्न चाहान्छु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोनाको कारण उत्पन्न मानवीय, सामाजिक, आर्थिक, राजनैतिक लगायतका वहुपक्षिय संकटलाई परास्त गर्दै विश्व विस्तारै अगाडि बढिरहेको छ । यद्यपि यसको असरबाट विश्व पूर्णरुपमा स्वतन्त्र भईनसकेको अवस्था छ र यसले हालसम्म पनि सम्पूर्ण क्षेत्रमा असर पुर्याईरहेको छ । विश्व अर्थतन्त्रसँगको अन्तरआवद्धता र पारस्परिकताको कारण यसको असर गोसाईकुण्ड गाउँपालिकाको प्रमुख क्षेत्रहरुमा समेत गम्भिर प्रभाव परिनै रहेको छ । यसको असरलाई न्यूनीकरण गर्दै नागरिकको सामाजिक, आर्थिक, राजनीतिक र साँस्कृतिक विकासको आकाक्षांलाई पुरा गर्न गोसाईकुण्ड गाउँपालिका प्रतिवद्ध छ । यसै लक्ष्य र ध्येयप्रति यो बजेट केन्द्रित छ ।

बजेट तर्जुमा गर्दा नेपालको संविधान, पन्ध्रौं आवधिक योजना, दिगो विकासको लक्ष्य, गाउँपालिकाको नीति तथा

कार्यक्रमलाई आधार मानेर तयार गरिएको छ ।
यो बजेट प्रस्तुत गरिरहँदा अर्थतन्त्रलाई गतिशिल बनाउने र नागरिकको आकाक्षांलाई पुरा गर्ने गहन जिम्मेवारी बोध गरेको छु । कोरोनाले सम्पूर्ण क्षेत्रमा असर पारेर हाम्रो सपना, योजना र प्रयासमा जटिलताहरु थपिदिएकोमा हामी सबैको प्रयास, कार्य र जिम्मेवारीले यो शताव्दीकै विषम परिस्थितिलाई हामीले सामना गरी त्यसको समाधान गरेका छौं । त्यस्तो विषम परिस्थितिमा सहयोग गर्ने सवै राजनीतिक दल, जनप्रतिनिधि, संघ संस्था, आम नागरिकको सहयोग, प्रतिवद्धता, दृढता र ऐक्यवद्धता कोरोनाको अन्त्य पछाडि पनि विश्व अर्थतन्त्रलाई गतिशिल बनाउन र असल शासनको निर्माण गर्न आवश्यक पर्दछ र त्यस्तो खालको सहयोग, प्रतिवद्धता, दृढता र ऐक्यवद्धता अव पनि मिल्नेछ भन्नेमा गोसाईकुण्ड गाउँपालिकाको दृढ विश्वास छ ।

आगामी आर्थिक वर्षको बजेट कोरोनाको जोखिमबाट उन्मुक्त भई आर्थिक स्थिरता कायम गरी गोसाईकुण्ड गाउँबासीहरुको अपेक्षा र सपना पुरा गर्ने तर्फ केन्द्रीत रहनेछ । यस अवस्थामा गोसाईकुण्ड गाउँपालिकाको जनताको जीवन रक्षा गर्ने, भविष्यप्रति आशावान बनाउने, अर्थतन्त्रको अवयवहरुलाई पुनरुत्थान गर्दै तीव्र विकास र निर्माणको दिशामा लैजाने गरी बजेट तर्जुमा गरिएको छ । आगामी बजेट समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । डिजिटल र हरित अर्थतन्त्र विकास गर्न युवालाई मुलुकभित्रै आर्थिक गतिविधिमा आवद्ध हुन अभिप्रेरित गर्ने, उद्यमशिलता विकास गरी गरिवी न्यूनीकरण गर्ने, सामाजिक सम्पत्तिहरुको संरक्षण गर्ने तथा श्रोत तथा साधनको प्रभावकारी एवम् परिणामुखी परिचालन गरी बजेट समृद्धिको दिशातिर उन्मुख रहने छ।

त्यस्तै राज्य पुनर्संरचनाको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय सङ्घीयता कार्यान्वयन गर्न स्थानीय तहलाई श्रोत, साधन, उत्तरदायित्व र जवाफदेहिता हस्तान्तरण गरिएको सन्दर्भमा सङ्घीयताको मूल मर्मलाई हासिल गर्न थप चुनौतीको साथै थप अवसर समेत प्राप्त भएको छ । सङ्घीयता कार्यान्वयन गर्दै स्थानीय तहको ज्ञान, सीप, क्षमता र दक्षतालाई उपयोग गरी दिगो विकास प्राप्त गर्ने लक्ष्यतर्फ यो गाउँपालिका अग्रसर छ । सामाजिक न्याय र तीव्र विकास, सुशासन सहितको जनउत्तरदायी गाउँपालिका, सभ्य, सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्र तथा समाजवाद उन्मुख समृद्ध अर्थतन्त्र निर्माण गर्न यो गाउँपालिका सदैव प्रतिवद्ध छ ।

सम्माननीय सभाध्यक्ष महोदय,
“जल विद्युत पर्यटन रसुवागढी नाका पूर्वाधार र शिक्षा, सुसंस्कृत र समृद्ध गोसाईकुण्ड लाङटाङ हाम्रो सदिक्षा” भन्ने गोसाईकुण्ड गाउँपालिकाको दिर्घकालिन सोचलाई पुरा गर्न यो वजेट अघिल्लो बजेट जस्तै केन्द्रित रहेको छ ।

सम्माननीय सभाध्यक्ष महोदय

म अव हाम्रो गाउँपालिकाको विद्यमान अवस्था र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु । नेपालको संघीय सरकारले चालु आर्थिक वर्षमा आधारभूत मूल्यमा २.१६ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान गरेको छ । विश्व अर्थतन्त्रमा देखिएको संकुचन, शिथिलता तथा केही आन्तरिक कारणले आर्थिक गतिविधिमा सुस्तता आएको हुँदा त्यसको असर हाम्रो पालिकामा पनि देखिने निश्चित भएको छ ।

चालु आ.व.को कुल खर्च ३५ करोड अर्थात विनियोजनको ७३ प्रतिशत मात्र हुने संशोधित अनुमान छ। कुल खर्च मध्ये चाल खर्च जम्मा रु. १८ करोड ५० लाख अर्थात विनियोजनको ७६ प्रतिशत र पूँजी खर्च जम्मा रु. १६ करोड ५० लाख अर्थात विनियोजनको ७१ प्रतिशत खर्च हुने संशोधित अनुमान रहेको छ । अघिल्लो आर्थिक वर्ष २०७८/०७९ मा विनियोजित रकम रु. ४० करोड २६ लाख १५ हजार ७ सय १२ रुपैयाँ रहेकोमा रकम रु. २९ करोड ७० लाख ८६ हजार ७ सय २७ अर्थात विनियोजन रकमको ७३.७८ प्रतिशत खर्च भएको थियो ।

सम्माननीय सभाध्यक्ष महोदय

सभाका सदस्यहरु

स्थानीय सरकारको अभ्यास गरेको ६ वर्ष भईसकेको र पहिलेको तुलनामा कानूनको निर्माण भई जनशक्तिको पर्याप्तता भएको अवस्थामा वित्तीय प्रगति पहिलेकै अवस्थामा रहेको र अपेक्षित रुपमा हुन नसकेको बारेमा समीक्षा गर्नु पर्ने भएको छ । हिमाली गाउँपालिका भएको कारणले हिउँ पर्ने समय अगावै योजना सम्पन्न गर्ने भन्दा पनि हिउँ पर्ने समय समाप्त भएपछि काम गर्न सम्झौता गर्नु, साना-साना योजनाको निर्माण, वार्षिक खरिद योजना अनुसार काम नहुनु र योजना बैंकको वस्तुगत निर्माण र त्यहि अनुरुप योजनाको छनौट नहुनु, आर्थिक वर्षको अन्त्यमा काम सम्पन्न गर्ने प्रवृति हावी हुनु जस्ता कारण वित्तीय प्रगतिमा वाधा देखिएका छन् । विशेष गरी योजनाहरुको कार्यान्वियन गर्ने संस्था वडा कार्यालयहरु भएको कारणले यस वारेमा वडाले आगामी दिनमा समयमै सम्झौता गरी काम सम्पन्न गर्ने संस्कृतिको विकास गर्नु पर्ने भएको छ ।

चालु आ.व. मा आन्तरिक राजश्व संकलन रु ५५ लाख हुने संशोधित अनुमान रहेको छ । यो हाम्रो लक्ष्यको तुलनामा ३८ प्रतिशत कम हो । गत वर्षको तुलनामा ६० प्रतिशतले कम हो । नागरिकको घर दैलोमा गई नजिकबाट सेवा प्रवाह गर्ने उद्देश्यले व्यवसाय दर्ता / नविकरण लगायत विभिन्न सेवाहरु वडाबाट गर्न सुरुवात भए पनि अपेक्षा गरे अनुरुप वडाबाट राजश्व उठ्न नसक्नु हाम्रो आन्तरिक आय घट्नुको प्रमुख कारण रहेको देखिएको छ । अघिल्लो आ.व. मा भुमिकर/मालपोत शीर्षकमा रु. २१ लाख ८१ हजार ७ सय २६ प्राप्त भएकोमा यो आ.व. मा हाल सम्म रुपैयाँ १२ लाख ३४ हजार ६ सय २७ मात्र प्राप्त हुनु पनि आन्तरिक आय घट्नुको अर्को कारण हो । त्यस्तै हाम्रो गाउँपालिका हाइड्रोपावरको हव भएको र हाइड्रोपावरले कार्यालय प्रयोजनको लागि लिएको घर भाडाबाट हामीलाई वहालकर प्राप्त भइरहेको सन्दर्भमा यस आ.व. धेरै हाइड्रोपावरले आफ्नै भवन निर्माण गरी घर भाडा लिन कम गर्दै गइरहेकोले पनि घर बहाल करमा कमी आउनु पनि हाम्रो आन्तरिक राजश्व घट्नु अर्को कारण हो । अघिल्लो आ.व. घर बहाल कर जम्मा रुपैयाँ २७ लाख ५४ हजार ६ सय ५४ उठेकोमा यस आ.व. मा रुपैयाँ १४ लाख ७९ हजार २ सय १२ मात्र उठेको देखिन्छ ।

सम्माननीय सभाध्यक्ष महोदय
सभाका सदस्यहरु

अव म अर्थतन्त्र र बजेट प्रणालीमा देखिएको मुख्य चुनौति तथा अवसर संक्षेपमा प्रस्तुत गर्दछु । कोभिड-१९ को महामारी कम भई अर्थतन्त्र पुनरुत्थान हुने क्रममा रहेको कारण खास गरी युक्रेनमा भएको युद्धको कारण आपुर्ति

श्रृङ्खला प्रभावित भएको र आर्थिक प्रणालीका तत्वहरुमा नकारात्मक असर परेको कारण लगानीमा कमी आएको र गाउँपालिकाको पूँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेको र गोसाईकुण्ड गाउँपालिकाबासीले दिर्घकालिन रुपमा प्राप्त गर्ने सेवाको स्थापना उल्लेखनीय वृद्धि हुन नसकेको कारण आर्थिक गतिविधिमा सुस्तता देखिएको छ । यस अवस्थामा उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै गाउँपालिकाको लक्ष्य हासिल गर्नु चुनौतिपूर्ण रहेको छ । अन्तिम त्रैमासिकको पनि अन्तिम महिनामा खर्च गर्ने प्रवृतिले निरन्तरता पाएको छ । यसले असार मसान्तमा अत्यधिक भुक्तानी हुने, अनुगमन र मूल्याङ्कन प्रभावकारी नहुने, योजना सम्पन्नको लागि म्याद थप गरी अर्को आर्थिक वर्षमा काम सार्ने र समयमा सेवा प्राप्त गर्ने अधिकारबाट नागरिक बञ्चित रहने भएकोले प्रभावकारी रुपले समयमै काम सम्पन्न गरी सेवा प्रवाह गर्नु चुनौति रहेको छ।

माथि उल्लेखित चुनौतिको वावजुद यस पालिकाले लिएको पहलकदमीले अर्थतन्त्रमा सकारात्मक सुधार देखिन थालेका छन् । विभिन्न वडाबाट समयमै राजश्वको विवरण आउन थालेका छन् । त्यसले ढिलो राजश्व जम्मा गर्ने प्रवृतिको अन्त्य हुँदै गरेको छ । त्यस्तै साधारण खर्चलाई वाञ्छित सीमा भित्र राख्ने र विनियोजन दक्षता र कार्यान्वयन संयन्त्रको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ बजेट प्रणालीमा सुधारको प्रस्ताव गरिएको छ । त्यस्तै राजश्वको दर होइन दायरा बढाउने र राजश्वमा योगदान गर्ने सम्पूर्ण नागरिकलाई संलग्न गराउने हेतुले नीति तथा कार्यक्रम बमोजिम व्यवसाय दर्ता र नविकरणलाई फरक दर कायम गरिनेछ जसले राजश्व बढ्ने अवसर प्रदान गर्नेछ ।

सम्माननीय सभाध्यक्ष महोदय

माथिका उल्लेखित चुनौति र अवसरलाई मनन गर्दै सरकारी, निजि र सहकारी क्षेत्रको सम्बन्ध र सहअस्तित्वलाई विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीको अवसर बढाउने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी उच्च आर्थिक वृद्धिको आधार तयार गर्न जोड दिने प्रस्ताव पेश गरिएको छ । सार्वजनिक श्रोतको समुचित तथा उपलब्धिमुलक परिचालन गर्नुको साथै उपलब्ध अवसर तथा लाभको समन्यायिक वितरण गरी धनि र गरिववीचको खाडल कम गर्नुपर्ने आवश्यकता महशुष गरी बजेटका उद्देश्य तथा प्राथमिकता तय गरिएको छ ।

सम्माननीय सभाध्यक्ष महोदय,
आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटका प्रमुख उद्देश्यहरु देहाय बमोजिम उल्लेख गरेको छुः
१. कोभिड-१९ जस्तै अन्य महामारी रोगको सम्भावनालाई आंकलन गर्दै सवै प्रकारका स्वास्थ्य जोखिमबाट गोसाईकुण्ड गाउँपालिकाको गाउँवासीलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार, स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती र स्वस्थ जनशक्ति विकास गर्ने ।

२. कोभिड-१९ बाट टुटेको उत्पादन र आपूर्ति श्रृङ्खलालाई पुनर्स्थापना गर्दै कृषि, उद्योग, पर्यटन, निर्माण लगायत प्रभावित व्यवसायको पुनरुत्थान गर्ने ।

३. गोसाईकुण्ड, लाङटाङ हिमाल, गोदेगाङ, नागथली, दुधकुण्ड, ऐतिहासिक रसुवागढी, तामाङ कल्चरल रेडपाण्डा पार्क जस्ता पर्यटकीय क्षेत्रको प्रवर्द्धन मार्फत पर्यटकीय पदमार्गको विकास गरेर गाउँपालिकालाई पर्यटकको गन्तव्य

क्षेत्रको रुपमा विकास गर्ने ।

४. आर्थिक विपन्नता तथा भौगोलिक विकटताका कारण शिक्षाको पहुँचबाट टाढा रहनु पर्ने अवस्थाको अन्त्य गरी शिक्षामा सबैको पहुँच सुनिश्चित हुने व्यवस्था गर्न, शिक्षण सिकाई वातावरणको निर्माण गर्न गाउँपालिका अध्यक्ष छात्रावास कार्यक्रम सञ्चालन गर्ने । माध्यमिक तहसम्मको शिक्षालाई अनिवार्य , निशुल्क हुने व्यवस्था गर्ने ।

५. भौगोलिक रुपमा गोसाईकुण्ड गाउँपालिकाको गाउँवस्तीहरु विकट भएकोले गोसाईकुण्ड गाउँपालिकाको सडक यातायात गुरुयोजना बमोजिम सवै वडाहरुका जनताहरुको सडकमा सहज पहुँच वृद्धि गर्ने ।

६. स्थानीय कला, संस्कृति, धर्म र परम्पराको संरक्षण मार्फत स्थानीय जनताको ऐतिहासिक पहिचानका आधारहरुको संरक्षण गर्ने ।

सम्माननीय सभाध्यक्ष महोदय,
आगामी आ.व. २०८०/८१ को बजेटका प्राथमिकताहरु निम्न अनुसार उल्लेख गरेको छुः
१. आगामी आर्थिक बर्षमा शिक्षाको अवस्थालाई गुणस्तरयुक्त र प्रभावकारी बनाउन शिक्षालाई पहिलो प्राथमिकतामा राख्ने ।
२. स्वास्थ्य, कृषि, खानेपानी तथा सरसफाई जस्ता सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि गरी यी क्षेत्रहरुको विकास गर्ने,
३. सडक सञ्जालको अभिवृद्धि मार्फत सडक यातायातमा जनताको पहुँच सुनिश्चित गर्ने,
४. गुम्बा तथा विहारको निर्माण र मर्मत सम्भार मार्फत स्थानीय जनताको धर्म र संस्कृतिको जगेर्ना गर्ने,
५. सुशासन र संस्थागत विकास गर्ने ।

सम्माननीय सभाध्यक्ष महोदय,
अव म क्षेत्रगत बजेट विनियोजनको वारेमा उल्लेख गर्न चाहान्छुः

**१. सामाजिक विकास**

सामाजिक विकास तर्फ चालुमा रु. १ करोड र पूँजीगतमा २० लाख गरी निसर्त तर्फ रुपैयाँ १ करोड २० लाख, चालुमा रु. ७ करोड ८ लाख र पुँजीगतमा रु. १ करोड गरी संघको शसर्त अनुदान तर्फ रुपैयाँ ८ करोड ८ लाख र प्रदेश शसर्त अन्तर्गत एक विद्यालय एक नर्स कार्यक्रमको लागि चालुमा १४ लाख ८८ हजार सहित शिक्षामा जम्मा रु. ९ करोड ४२ लाख ८८ हजार विनियोजित बजेट यस सभामा पेश गरेको छु । चालुमा ७० लाख, पूँजीगतमा रुपैयाँ १० लाख गरी निसर्त तर्फ रु. ८० लाख र संघ सशर्त
अन्तर्गत चालुमा रुपैयाँ ३ करोड २७ लाख, पूँजीमा रुपैयाँ २८ लाख संघको शसर्त अनुदानमा रु. ३ करोड ५५ लाख सहित स्वास्थ्यमा जम्मा रु. ४ करोड ३५ लाख विनियोजन गरिएको बजेट यस सभामा पेश गरेको छु । पूँजीगतमा

प्रदेश शसर्तमा रु ४५ लाख गरी खानेपानी, सिंचाई तथा सरसफाईमा जम्मा रु. ४५ लाख विनियोजन गरिएको बजेट यस सभामा पेश गरेको छु। प्रदेश शसर्त अन्तर्गत पूँजीगत तर्फ रु. ३० लाख भाषा तथा संस्कृतिमा विनियोजन गरिएको बजेट यस सभामा पेश गरेको छु। निशर्त अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक तर्फ चालुमा रु. ३० लाखर प्रदेश शसर्त अन्तर्गत चालुमा रुपैयाँ ७ लाख ४४ हजार सहित लैँगिक समानता तथा सामाजिक समाबेशीकरणमा जम्मा रु. ३७ लाख ४४ हजार विनियोजन गरिएको बजेट यस सभामा पेश गरेको छु। निशर्त अन्तर्गत चालुमा रुपैयाँ २० लाख र संघ शसर्त अन्तर्गत चालुमा राष्ट्रपति रनिङ शिल्डको लागि रुपैयाँ १ लाख, युवा रोजगारको लागि रुपान्तरण पहल परियोजना कार्यक्रममा संघ शसर्त अन्तर्गत चालुमा रुपैयाँ ४४ लाख, प्रधानमन्त्री रोजगार कार्यक्रममा रुपैयाँ ६ लाख र पूँजीगत तर्फ रुपैयाँ २ लाख सहित युवा तथा खेलकुदमा जम्मा रुपैयाँ ७३ लाख विनियोजन गरिएको बजेट यस सभामा पेश गरेको छु। निशर्तबाट विपद व्यवस्थापन कोषमा रुपैयाँ ३० लाख गरी सामाजिक सुरक्षा तथा संरक्षणमा रुपैयाँ ३० लाख रकम विनियोजन गरिएको बजेट यस सभामा पेश गरेको छु। यसरी सामाजिक विकासमा जम्मा रुपैयाँ १५ करोड ९३ लाख ३२ हजार विनियोजन बजेट यस सभामा पेश गरेको छु।

## २. आर्थिक विकास

संघ सशर्त अन्तर्गत ख्रातक विभागको लागि १० लाख, कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रममा १३ लाख, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमको लागि चालुमा रुपैयाँ ६ लाख सहित चालुमा निशर्त अन्तर्गत ६० लाख गरी कृषिमा विनियोजित रुपैयाँ ८९ लाख बजेट यस सभामा पेश गरेको छु।

पर्यटन बोर्डबाट प्राप्त रकम चालुमा रुपैयाँ रु. ७ लाख ५० हजार पर्यटनमा विनियोजन गरिएको बजेट यस सभामा पेश गरेको छु।

चालुमा संघ शसर्त बाट विनियोजन गरिएको रुपैयाँ ३ लाख, प्रदेश शसर्तबाट विनियोजित चालुमा रुपैयाँ १० लाख सहित निशर्त तर्फ रुपैयाँ ६० लाख गरी पशुपन्छी विकासमा जम्मा रु. ७३ लाख बजेट यस सभामा पेश गरेको छु। संघ शसर्त अन्तर्गत चालुमा रुपैयाँ १३ लाख विनियोजन गरिएको बजेट यस सभामा पेश गरेको छु।

यसरी आर्थिक विकासमा जम्मा रुपैयाँ १ करोड ८२ लाख ५० हजार विनियोजन गरिएको बजेट यस सभामा पेश गरेको छु।

## ३. पूर्वाधार विकास

प्रदेश शसर्त अन्तर्गत पूँजीगत तर्फ रुपैयाँ ५० लाख, प्रदेश समपूरक अन्तर्गत पूँजीगत तर्फ रुपैयाँ १ करोड ६५ लाख, निशर्त अन्तर्गत प्रदेश समपूरक कोषको लागि पूँजीगत तर्फ रुपैयाँ १ करोड ६५ लाख, संघ सशर्त अन्तर्गतको समपूरकमा ५० लाख, संघ शसर्तमा ५० लाख, प्रदेश विशेष अनुदानमा रुपैयाँ ५० लाख सहित निशर्त अन्तर्गत पूँजीगत तर्फ रुपैयाँ ५ करोड ६ लाख गरी यातायात पूर्वाधारमा जम्मा रुपैयाँ १० करोड ३६ लाख विनियोजन गरिएको बजेट यस सभामा पेश गरेको छु।

संघ शसर्तबाट पूँजीगत तर्फ विनियोजन गरिएको राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रमको रुपैयाँ ८ लाख

रकमलाई यस सभामा पेश गरेको छु।

संघ शसर्त बाट पूँजीगत तर्फ झोलुङे पुल क्षेत्रगत कार्यक्रममा विनियोजित रकम रुपैयाँ रु. २८ लाख लाई यस सभामा पेश गरेको छु।

यसरी संघ र प्रदेशबाट विनियोजित बजेट सहित गाउँपालिकाबाट विनियोजित पूर्वाधार विकासमा रकम जम्मा रुपैयाँ ११ करोड २२ लाख सभामा पेश गरेको छु।

### ४. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

प्रदेश शसर्तबाट विनियोजित चालु तर्फ स्थानीय न्यायिक सहजकर्ता कार्यक्रममा रुपैयाँ ४ लाख ६२ हजार सहित निशर्त अन्तर्गत न्यायिक समितिको लागि चालुमा रुपैयाँ २० लाख गरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा जम्मा रुपैयाँ २४ लाख ६२ हजार रकम विनियोजन गरिएको बजेट यस सभामा पेश गरेको छु।

### ५. कार्यालय सञ्चालन तथा प्रशासनिक

संघ सशर्तबाट विनियोजित राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गत रकम रु. ९ लाख र निशर्तबाट विनियोजित बजेट रुपैयाँ ८ करोड ५० लाख ९४ हजार ९ सय ५३ गरी कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको लागि रकम रु. ८ करोड ५९ लाख ९४ हजार ९ सय ५३ रकम यस सभामा पेश गरेको छु।

**अनुमानित खर्च**
सम्माननीय सभाध्यक्ष महोदय

आगामी आर्थिक वर्षको अनुमानित खर्च अक्षेरुपी रुपैयाँ  ४३ करोड ८८ लाख ६१ हजार मात्र हुने अनुमानित प्रक्षेपण गरिएको छ । चालु तर्फ ५३ प्रतिशत र पुँजीगत तर्फ ४७ प्रतिशत खर्च विनियोजन गरिएको छ ।

### खर्च वेहोर्ने श्रोतहरु

सम्माननीत सभाध्यक्ष महोदय,
आगामी आ.व. २०८०/०८१ को व्यय व्यहोर्ने श्रोतको रुपमा सङ्घीय सरकारबाट शसर्त अनुदानको रुपमा प्राप्त हुने रु १३ करोड ५६ लाख २४ हजार, वित्तीय समानीकरण अनुदानको रुपमा प्राप्त हुने रु. ७ करोड ८४ लाख, संघ राजश्व बाँडफाँड अनुदानबाट प्राप्त हुने रु ७ करोड १३ लाख ६५ हजार, प्रदेश शसर्त अनुदानबाट प्राप्त हुने रु. १ करोड ६१ लाख ९४ हजार, प्रदेश समानीकरण अनुदानको रुपमा प्राप्त हुने रु. ७४ लाख ४६ हजार, प्रदेश राजश्व बाँडफाँड अनुदानबाट प्राप्त हुने रु. २ करोड १९ लाख ८४ हजार, प्रदेश विशेष अनुदान रकम रु. ५० लाख, प्रदेश

समपूरक अनुदान रकम रु. १ करोड ६५ लाख, आन्तरिक आय रु. २ करोड, गत वर्षको अल्या मौज्दात रुपैयाँ ६ करोड १३ लाख ४८ हजार र पर्यटन बोर्डबाट प्राप्त रकम रु. ७ लाख ५० हजार गरेर आगामी आर्थिक वर्ष २०८०/०८१ को कुल बजेट रकम रुपैयाँ ४३ करोड ८८ लाख ६१ हजार श्रोत कायम हुने अनुमान गरिएको छ ।

**आगामी आर्थिक वर्ष पछिको थप दुई वर्षको बजेट प्रक्षेपण**

आगामी आर्थिक वर्ष पछिको पहिलो वर्ष आ.व. २०८१/०८२ को कुल बजेट रु.३८ करोड ५० लाख र आगामी आर्थिक वर्ष पछिको दोस्रो वर्ष आ.व. २०८२/०८३ मा कुल बजेट रु. ४० करोड २० लाख हुने प्रक्षेपण गरिएको छ ।

**राजश्व परिचालन नीति**

सम्माननीय सभाध्यक्ष महोदय,
आगामी आ.व. २०८०/०८१ को राजश्व परिचालनका नीतिहरु देहाय बमोजिम हुनेछन्:

- राजश्व करले होइन रहरले तिर्ने वातावरण सिर्जना गर्ने
- कर तिर्नु पर्छ भन्ने वातावरण बनाउन स्थानीय स्तरमा कर सम्बन्धी जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने
- करको दर वृद्धि गर्ने भन्दा पनि दायरा विस्तार गर्नुमा जोड दिने
- करको आधार र क्षेत्रहरु विस्तार गर्ने
- आर्थिक साक्षरता र वित्तीय साक्षरता सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने
- गाउँपालिकाको राजश्व विषयमा परामर्श प्राप्त गर्नको लागि विज्ञको सेवा लिने
- राजश्व प्रशासनलाई आधुनिक प्रविधिमैत्री, करदातामैत्री, मितव्ययी र पारदर्शी बनाउने
- करदाता शिक्षा कार्यक्रमलाई प्रर्वद्धन गर्ने
- कर निर्धारण गर्दा समन्यायको सिद्धान्तलाई आत्मसाथ गर्ने
- कर प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्ने
- प्रत्येक वडाबाट संकलन हुने विभिन्न कर, सेवा शूल्क तथा दस्तुरको शीर्षकगत रुपमा छुट्टाछुट्टै विवरण प्राप्त गर्ने व्यवस्था गर्ने
- कर प्रशासनमा संलग्न कर्मचारीहरुका लागि कर प्रशासनमा सुधार सम्बन्धी क्षमता विस्तारका तालिम कार्यक्रम सञ्चालन गर्ने
- कर छली, कर चुहावट तथा करको हिनामिनाको सम्बन्धमा शुन्य सहनशिलताको नीति अवलम्बन गर्ने ।

सम्माननीय सभाध्यक्ष महोदय,
गत आर्थिक वर्ष २०७८/०७९ को यथार्थ आय व्यय, चालु आर्थिक वर्ष २०७९/०८० को आय व्ययको संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०८०/०८१ को अनुमानित आय व्यय यसै साथ संलग्न अनुसूचीहरुमा उल्लेख गरेको छु ।

यो बजेट तर्जुमाको क्रममा रचनात्मक सुझाव दिने यस गाउँपालिकाका सम्मानित अध्यक्षज्यू, ६ ओटै वडाका सम्मानित वडा अध्यक्षज्यूहरु, कार्यपालिका र सभाका सम्मानित सदस्यज्यूहरु, यस गाउँपालिकाका कार्यपालिकाका कर्मचारी साथीहरु, राजनीतिक दलका शीर्षनेताज्यूहरु, नागरिक समाज, अर्थ तथा योजनाविद्, निजि क्षेत्र तथा सहकारी क्षेत्रका विद्वत वर्ग, पत्रकार साथीहरु तथा तमाम् महानुभावहरुको रचनात्मक सुझाव, सल्लाह र प्रेरणाको लागि धन्यवाद ज्ञापन गर्दछु । अन्तमा, गोसाईकुण्ड गाउँपालिकाको आर्थिक, सामाजिक विकासमा सहयोग पुर्याउने स्थानीय करदाता, संघ र प्रदेश सरकार, राष्ट्रिय अन्तर्राष्ट्रिय विकास साझेदारी प्रति आभार प्रकट गर्न चाहान्छु । र, यो बजेट कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोगको अपेक्षा गर्दछु । साथै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न सवल, सक्षम, समृद्ध र न्यायपूर्ण राष्ट्र निर्माण गर्ने अभियानमा सक्रिय सहभागी हुनको लागि सम्पूर्ण गोसाईकुण्ड गाउँपालिकावासीलाई हार्दिक आह्वान गर्दछु ।

# धन्यवाद !

# अनुसूची १

| आगामी आ.व. २०८०/०८१ को अनुमानित आय (हजारमा) | | | | |
|---|---|---|---|---|
| राजश्व संकेत | राजश्वको आधार, शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | गत वर्षको यथार्थ आय | चालु आ.व. को संशोधित अनुमानित आय | आगामी आ.व. को अनुमानित आय |
| ११३१३ | सम्पत्ती कर | ० | ० | ० |
| ११३१४ | भुमिकर/मालपोत | २१८२ | १३२८ | १३३० |
| ११३१७ | वहाल कर | २७५५ | २२९६ | २३०० |
| ११६९१ | अन्य कर | ० | ० | ० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | १५०६ | १५०० | ८३८५ |
| १४१५१ | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | १७९८ | २०५५ | २०५५ |
| १४१५९ | अन्य श्रोतबाट प्राप्त रोयल्टी | ० | ७ | ० |
| १४२१३ | अन्य विक्रिबाट प्राप्त रकम | ० | ४४ | ४५ |
| १४२१८ | विद्युत सेवा शुल्क | ० | ० | ० |
| १४२२४ | परीक्षा शुल्क | ३० | ३४ | ३५ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३१ | १५९ | १६० |
| १४२४१ | पार्किङ शुल्क | ० | ० | २०० |
| १४२४२ | नक्सा पास दस्तुर | २५८ | १२९ | १३० |
| १४२४३ | सिफारिस दस्तुर | २४२ | ३९ | ४० |
| १४२४४ | व्यक्तिगत घट्ना दर्ता दस्तुर | १३४ | १९४ | १९५ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १२ | १७ | २० |
| १४२४९ | अन्य दस्तुर | ३४ | ९५ | ९५ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २०० | ० | ० |
| १४२६५ | अन्य क्षेत्रको आय | ० | ० | १० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | ० | ० |
| १४५२९ | अन्य राजश्व | २८७५ | ४२३० | ४२०० |
| १४६११ | व्यवसाय कर | ४९५ | ७७३ | ८०० |
| १५१११ | बेरुजु | ० | ० | ० |
| | | १२५५२ | १२९०० | २०००० |

| राजश्व संकेत | राजश्वको आधार, शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | गत वर्षको यथार्थ आय | चालु आ.व. को संशोधित अनुमानित आय | आगामी आ.व. को अनुमानित आय |
|---|---|---|---|---|
| | संघ शसर्त | १०१४८१ | ११६८३८ | १३५६२४ |
| | संघ समानीकरण | ८३४०० | ८२०४८ | ७८४०० |
| | संघ राजश्व | ५९७६२ | ७०२६५ | ७१३६४ |
| | संघ समपूरक | ० | ० | ५००० |
| | संघ विशेष | ० | ० | ० |
| | प्रदेश शसर्त | १४६३३ | १७७६८ | १६१९५ |
| | प्रदेश समानीकरण | ६६७९ | ७८७५ | ७४४६ |
| | प्रदेश राजश्व | १८०६६ | १८६९१ | २१९८४ |
| | प्रदेश समपूरक | ० | १४४२८ | १६५०० |
| | प्रदेश विदेश अनुदान | ० | ३१०० | ५००० |
| | आन्तरिक श्रोत | १२५५२ | ७५९५२ | २०००० |
| | अल्या (नगद मौज्दात) | ७६४६४ | १२९०० | ६१३४८ |
| | | ३७३०३७ | ४१९८६५ | ४३८८६१ |

# अनुसूची-२

आ.व. २०८०/०८१ को अनुमानित व्यय तर्फ (हजारमा)

| क्र.सं. | खर्च शीर्षक | निशर्त अनुमानित व्यय | संघ शसर्त अनुमानित व्यय | संघ समपूरक अनुदान | संघ विशेष अनुदान | प्रदेश समपूरक अनुदान | प्रदेश विशेष अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | चालुगत | ११३२३२ | ११७७१७ | ० | ० | ० | ० | २३०९४९ |
| २ | पूँजीगत | १४७३११ | ३४१०१ | ५००० | ० | १६५०० | ५००० | २०७९१२ |
| | जम्मा | २६०५४३ | १५१८१८ | ५००० | ० | १६५०० | ५००० | ४३८८६१ |